कल्याणपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय कल्याणपुर
सिरहा,मधेश प्रदेश,नेपाल

# क्याटलग/ब्रोसर सपिङ विधिबाट एम्बुलेन्स खरिद सम्बन्धी सिलबन्दि प्रस्तावना आव्हानको सूचना

## (प्रथम पटक प्रकाशन मिति:२०८०/०१/१३ गते)

यस कार्यालयको आ.व.२०७९/८० को स्विकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको एम्बुलेन्स सार्वजानिक खरिद ऐन २०६३ पहिलो संशोधन २०७३ को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजानिक खरिद नियमाबली २०६४ संसोधन समेत को नियम ३१ (ख) बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को नेपालका लागी आधिकारिक बिक्रेता (Importer) हरु बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमाबली २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादकको आधिकारिक स्पेशिफिकेशन (क्याटलग वा ब्रोसर) गुणस्तर र कम्पनीको आधिकारिक मुल्य खुल्ने कागजात संगलग्न राखि तपशिलमा उल्लेख भए बमोजिमको प्रस्ताव दर्ता गराउनु हुन सम्बन्धित उत्पादक वा आधिकारिक विक्रेताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१. सवारी साधनको स्विकृत विस्तृत प्राविधिक स्पेशिफिकेशन यस कार्यालयबाट नि:शुल्क प्राप्त गर्न सकिने छ। कार्यालय बाट स्विकृत स्पेशिफीकेशनको (Offered Specification Column) मा आफनो प्रस्ताव गरेको उपकरणको विस्तृत विवरण तथा माग गरिएका अरु थप विवरण अनिवार्य भरेर सहि छाप गरि सिलबन्दिका साथ पेश गर्नुपर्नेछ।

२. उक्त कागजात लिनका लागि ईच्छुक उत्पादक कम्पनी वा सो को नेपालका लागी अधिकारिक बिक्रेताले उक्त एम्बुलेन्स बिक्रि गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमति पत्र सो को अद्यावधिक नविकरण भएको पत्र,स्थायी लेखा नं. (PAN) तथा मूल्य अभिबृद्धि कर,दर्ता प्रमाणपत्र,आ.व.२०७८/७९ सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात,उक्त सवारी सप्लाई गरेको हालसम्मको विस्तृत विवरण सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र सहितका कागजात सहित यस कार्यालयमा उपस्थित हुनुपर्नेछ। साथै नेपालको आधिकारिक विक्रेताको हकमा उत्पादक कम्पनिको Authorization पत्र (Manufacturer Authorization Letter) अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

३. यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको ४ बजेसम्म यस कार्यालयमा छुटाछुट्टै सिलबन्दी प्रस्ताव दर्ता गराउन सकिने छ। तथा दर्ता गरिएका सिलबन्दि प्रस्तावहरु भोलीपल्ट दिनको ४ बजे खोलिनेछ।

४. साथै सूचिकृत नभएका उत्पादक वा आधिकारिक विक्रेता कम्पनिहरुले सूचिकृत गराई उक्त सिलबन्दि प्रस्ताव पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ।

५. पेश गर्ने अन्तिम दिन सार्वजानिक विदा परेमा विदा पछीको कार्यालय खुलेको दिन पेश गर्न सकिने छ।

६. विस्तृत विवरणको लागि kalyanpurmun.gov.np मा हेर्न सकिने छ।

| सि.नं. | साधनको नाम | संक्षिप्त विवरण | आवश्यक परिमाण |
|---|---|---|---|
| १. | एम्बुलेन्स "ख" वर्ग | 4-Stroke,Water Cooled Diesel Engine, Developing Maximum Rated Power Output Not Less Than 45 KW at governed RPM and Maximum Torque not less than 110 NM. | १ (एक थान) |

२०८०/०१/१२

विष्णुरंजन घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

CamScanner